# दृष्टि वाहिर परेका, वेवास्ता गरिएका:

## मर्करी मिनाका नेपाली श्रमिकहरु कसरी खाली हात घर फर्किए र वेवास्ता गरिइए

*सन् २०१७ को अन्त्यमा कम्तिमा चौँतीस जना पुरुष नेपाली आप्रवासी श्रमिकहरु कतारबाट खाली हात, निराशा र ऋणको ठूलो भारीकासाथ नेपाल फर्किए । मध्यपूर्व र उत्तर अफ्रिकाभर यान्त्रिक (मेकानिकल), इन्जिनियरिङ्ग र प्लम्बिङ्ग क्षेत्रमा कार्य गर्ने अग्रणी कम्पनी मर्करी मिना (Mercury MENA) मा कार्यरत गर्ने उनीहरुले सन् २०२२ को फिफा विश्वकपका लागि तयार गरिन लागेको भौतिक संरचना निर्माण परियोजनामा तलव वा आवश्यक कानुनी कागजात बिना नै महिँनौसम्म काम गर्नु परेको थियो ।*

*यस घटना सम्बन्धी पहिलो समाचार श्रृङ्खला "बाचाले मात्रै मेरो परिवारले खान पाउँदैनन्" ले मर्करी मिनामा कार्यरत ती र अन्य श्रमिकहरुले कतारमा भोग्नु परेको दुःखको बारेमा उजागर गरेको थियो । आफूले भुक्तानी पाउनु पर्ने तलव र सुविधा बापतको रकम प्रति श्रमिक सरदर दुई लाख रुपैँया (२,००० अमेरिकी डलर) भन्दा बढी पुगिसक्दा पनि कतारको अव्यवहारिक स्पन्सरसीप प्रणाली 'कफाला' का कारण उनीहरु अप्ठ्यारोमा मात्रै परेनन्, उनीहरुलाई त्यस्तो अवस्थामा परेको बेलामा कसैले पनि खासै सहायता पुर्‍याएनन् ।*

*यस लेखमा हामीले मर्करी मिनामा काम गर्ने ती नेपाली श्रमिकहरुले भोगेका मानवअधिकार ज्यादतीहरु कसरी नेपालबाटै सुरु भयो र नेपाली निकायहरु श्रमिक भर्ना गर्ने एजेन्सीहरुबाट हुने गैरकानुनी क्रियाकलाप एवं कानुनमा रहेका कमीहरु रोक्न कसरी विफल भए भन्ने कुरालाई स्पष्ट पारेका छौँ । विदेशमा काम पाउनका लागि तीमध्ये अधिकांश श्रमिकहरु गैरकानुनी एवं ठूलो रकम शुल्कमा तिर्न वाध्य पारिएका थिए, जसका लागि उनीहरुले उच्च व्याजदरमा ऋण लिनु परेको हुनाले नेपाल छाड्दा नै उनीहरुमा ठूलो ऋणको भार रहेको कारण पनि कतार पुगेपछि आफूमाथि हुने ज्यादतीलाई चुनौति दिन वा त्यसबाट उम्कन कम समक्ष रहेका थिए । खाना वा तलव समेत नपाई अप्ठ्यारोमा परे पश्चात् विभिन्न निकायमा सहायताको लागि प्रयास गर्दा उनीहरुले मद्दतका लागि गरेको अनुरोधलाई ती निकायहरुले वेवास्ता गरे र स्वदेश एवं विदेशमा रहेका निकायहरु उनीहरुलाई सहायता सुनिश्चित गर्न विफल रहे ।*

*कतारबाट फर्केको झण्डै एक वर्ष वितिसक्दा पनि ती मध्ये अधिकांश श्रमिकहरु ऋण तिर्नका लागि संघर्ष गरिरहेका छन् र आफूले पाउन बाँकी तलव सुविधा कसैले पनि आजसम्म पाएका छैनन् । आप्रवासी श्रमिकहरुको अधिकार अझ प्रभावकारी तवरले संरक्षण गरिनेछ भनी २०७४ फागुन (फेब्रुवरी २०१८) मा गठन भएको नयाँ सरकारले गरेको प्रतिवद्धता कार्यान्वयनका निम्ति वैदेशिक रोजगार कानुनहरुमा आवश्यक सुधार र तिनको कार्यान्वयन गरी आफ्ना नागरिकहरु उपर स्वदेश र विदेशमा हुने शोषणको अन्त्य गर्न एम्नेस्टी इन्टरनेसनलले आह्वान गरेको छ ।*

(क) दुःखद घरफिर्ती

"मेरो परिवारका सबै सदस्यले यो नै मेरो अन्तिम आप्रवासन हुने सल्लाह गर्‍यौं । मेरो कामबाट हुने कमाईले घरमै एउटा व्यवसाय गर्ने योजना थियो । तर अहिले मेरा सबै आसाहरु मरे । म यहाँ नेपालमा बसेर पर्खँदा पर्खँदै समय बित्दै गैरहेको छ भने अर्कोतरि मैले लिएको ऋणको व्याज पनि बढ्दै गैरहेको छ । अब फेरि कामका लागि विदेश जानु नै मेरो अन्तिम विकल्प रहेको छ ।"

- पदम (नाम परिवर्तन), रुपन्देही जिल्लाका एकजना आप्रवासी श्रमिक

पदमले सन् २०१५ को जुन महिनामा कतारको मर्करी मिनामा काम गर्न सुरु गर्न अघि नै खाडीका विभिन्न स्थानमा अस्थायी कामका लागि वहाँले एक दशक बिताइसक्नु भएको थियो । रोजगारीका लागि वहाँसँग बाँकी रहेको विकल्प नेपालबाट वाहिर गई काम गर्नु नै हो भन्ने वहाँले विश्वास लिनु भएको थियो ।

त्यस भूभागमा काम गर्न जाँदा हुन सक्ने सम्भावित समस्या र जोखिमको बारेमा जानकारी भएका कारण मर्करी मिनामा रोजगारीको प्रस्ताव आएपछि पदमले उक्त कम्पनी कत्तिको विश्वसनीय हो भन्ने कुरा पत्ता लगाउन

कम्पनीको बारेमा अनलाईनमा खोजी गर्नुभयो । वहाँले आफूलाई भर्ना गर्ने एजेन्सीले वाचा गरेको तलवले मूलतः एजेन्सीले आफूसँग मागेजति भर्ना खर्च तिर्न पुग्छ कि पुग्दैन र त्यसबाट घरखर्च चालउन कति रकम बचाउन सकिन्छ भन्नेसम्म हिसाव गर्नुभयो । वहाँलाई भर्ना गर्ने एजेन्सीले दुईवटा विकल्पहरु दिए : या त एक लाख तीस हजार रुपैँया (१,२५५ अमेरिकी डलर) तिर्न वा त्यो काममा अर्को व्यक्ति गएको हेरेर बस्न ।

विदेशमा दुई वर्षका निम्ति काम पाउन वार्षिक ३६% व्याजको ऋण लिनु पर्ने कुरा चित्त नबुझ्दा नबुझ्दै पनि मर्करी मिनाको काममा जाँदा फाइदा हुने कुरामा पदम आशावादी हुनुहुन्थ्यो । मासिक १,४०० कतारी रियाल (३८५ अमेरिकी डलर) का दरले हुने पहिलो वर्षको कमाईको लगभग सबैजसो रकम काममा भर्ना हुनका लागि शुल्क तिर्न लिएको ऋण चुक्ता ठिक्क हुने भए पनि दोस्रो वर्षको कमाईले कमसेकम परिवारको आवश्यकता पूर्तिका लागि लाग्ने खर्च धान्न सक्ने हिसाव पनि वहाँले निकाल्नु भयो । स्वदेशमा रोजगारीको विकल्प नदेखी वहाँले विदेश जाने विकल्पलाई स्वकार्ने निर्णय गर्नुभयो ।

जब डिसेम्बर २०१६ देखि मर्करी मिनाले वहाँलाई तलव दिन छाड्यो, तब पदमको योजना भताभुङ्ग भयो । कम्पनीले केही समयका लागि मात्रै तलव भुक्तानीमा ढिलाई भएको र यो समस्या चाँडै नै समाधान हुने भनी वाचा गरेका कारण वहाँले कामलाई निरन्तरता दिनु भयो । तर त्यो समस्या पाँच महिनासम्म पनि समाधान भएन । त्यतिबेलासम्म वहाँसँग न त खाद्यान्न किन्नको लागि पैसा थियो न त नेपाल जानका लागि नै ।

अब के गर्ने भन्ने कुराको अनिश्चितता र थोरै मात्र विकल्प बाँकी रहेका पदमले तै पनि कम्पनीले आफूलाई दिन बाँकी दुई लाख (दुई हजार अमेरिकी डलर) भन्दा बढी रकम भुक्तानी गर्छ कि भन्ने आशामा कतारमै रहने निर्णय गर्नुभयो । तर दश महिना त्यहाँ व्यतीत गर्दा पनि कुनै समाधान हात परेन, न त कतारी वा नेपाली निकायहरुले नै न्यूनतम सहायता नै गरे । अन्त्यमा वहाँले आजित भएर अर्को ऋण लिएर अक्टोवर २०१७ मा घर जानका लागि हवाई टिकट खरीद गर्नुभयो ।

मर्करी मिनामा पदममाथि भएको यो घटना आफैँमा नौलो भने पक्कै थिएन । हामीले मर्करी मिनाका अन्य ३३ जना नेपाली श्रमिकहरुसँग पनि कुरा गरेका थियौँ र उनीहरुले पनि त्यस्तै अवस्था भोग्नुपरेको बताए । यसरी घर फर्केका ती श्रमिकहरु तथा तिनका परिवारले एकातर्फ ऋण र अर्कोतर्फ रोजगारदाताले तलव भुक्तानी नदिएका कारण अहिलेसम्म पनि अत्यन्त कठिन दोहोरो आर्थिक समस्या सामना गर्नु परिरहेको छ। उनीहरु प्रत्येकले सरदर २,२०,३३० रुपैँया (२,०३५ अमेरिकी डलर वा ७,४१० कतारी रियाल) भुक्तानी पाउन बाँकी छ। एकतिहाई भन्दा बढी जनसंख्या प्रतिदिन २ अमेरिकी डलर भन्दा कममा जीवन यापन गरिरहेको यस देशमा सो रकम ठूलो मानिन्छ ।

हामीले कुराकानी गरेका सबै श्रमिकहरुले उनीहरुको बाँकी रहेको रकम भुक्तानी दिने भनी मर्करी मिनाले पटक पटक गरेको प्रतिवद्धता र उनीहरुले कतार छाड्दाको वखतमा गरेको वचनवद्धता कार्यान्वयन नगरेको बताए । मर्करी मिनाका आफ्का सुपरभाइजरसँग आफूले पाउन बाँकी पाँच महिनाको तलव भुक्तानी दिलाइदिने बारेमा कतारमा हुँदा नियमित रुपमा वाट्सप (WhatsApp) मा कुरा गर्ने गरेका एकजना श्रमिकले आफू सन् २०१७ को अक्टोवरमा नेपाल आए पश्चात् ती सुपरभाइजरसँग कहिल्यै सम्पर्क हुन नसकेको बताए । अनुसन्धानकर्ताहरुले मर्करी मिनाका सुपरभाइजरले श्रमिकहरुलाई घर जान र आफ्नो तलव भुक्तानीका लागि पर्खन सल्लाह दिँदै वाट्सप (WhatsApp) मा गरिएको कुराकानीको रेकर्ड पनि सुनेका थिए । अहिले ती मध्येका केही श्रमिकहरु कम्पनीले उनीहरुको बाँकी रकम भुक्तानी दिने कुरा छल्न अझ सहज होस् भन्नका खातिर उनीहरुलाई सुनियोजित तवरले घर फर्कन प्रेरित गरेको विश्वास गर्दछन् ।

अर्कोतर्फ श्रमिक भर्ना प्रक्रियामा विद्यमान ज्यादतीपूर्ण अभ्यास र तलव भुक्तानी नदिइएका कारण श्रमिकहरुले धनराशी गुमाउनु पर्दा उनीहरुको परिवारका सदस्यहरुको स्वास्थ्य, उपयुक्त आवास र शिक्षाको पहुँचमा समेत गम्भीर असर पर्ने गरेको छ । ती मध्ये अहिले पनि वेरोजगार र ठूलो ऋणको चपेटामा रहेका केही श्रमिकहरु उनीहरुको घरजग्गा नै गुमाने जोखिममा पुगेका छन् ।

एकजना श्रमिक रोहन (नाम परिवर्तन) ले आफूसँग रहेको ऋण घटाउन कतारबाट फर्केपछि आफ्नो घर र जग्गा बेच्नु परेको थियो । मर्करी मिनाका छ जना पूर्व श्रमिकहरु खर्च धान्न नसकेर आफ्ना बालबच्चालाई विद्यालयबाट झिक्न बाध्य भएका थिए । अन्य केहीले परिवारका विरामी सदस्य तथा वृद्ध बुवाआमाको तत्काल गर्नु पर्ने अवस्थाको स्वास्थ्य उपचारका योजनाहरु रद्द गर्न बाध्य भएको बताए ।

श्रमिकहरुलाई त्यसरी जम्मा भएको ऋणबाट उन्मुक्ति पाउन उनीहरुले क्षतिपूर्ति वा ऋण सहयोग नपाउँदासम्म कठिन वा असम्भव हुनेछ । उदाहरणका लागि सप्तरी जिल्लाका चारजना श्रमिकहरुले मासिक ५,००० रुपैयाँ (५० अमेरिकी डलर) ऋणको किस्ता बापत भुक्तानी गर्नु पर्ने बताए । उनीहरुको हालको आर्थिक अवस्थाले ऋणको मासिक किस्ता भुक्तानी गर्न नसक्ने जोखिम देखिएको छ र त्यसले झन् ब्याज रकमको किस्ता बढ्न जान्छ । पन्ध्र जना श्रमिकहरुले ऋणको भारबाट उम्कने प्रयास स्वरुप उनीहरु पुनः वैदेशिक रोजगारीमा जाने विचारमा रहेको हामीलाई बताए । यसरी फेरि विदेशमा काम पाउन नेपालका वैदेशिक रोजगार कम्पनीमा अझ थप रकम तिर्नु पर्ने हुन सक्दछ । यस प्रकारको जटिल भूमरिका बीच हालको ऋणको चिन्ताले गर्दा उनीहरु काम गर्न जानतर्फ धकलिन्छन् तर त्यसरी काममा जानका लागि तिर्नुपर्ने भर्ना शुल्कको जोहो गर्दा झन् ऋण थपिने एवं श्रम शोषणको जोखिममा पर्ने गर्दछन् ।

ज्यादतीको यो चक्रले श्रमिक तथा तिनको परिवारमा दीर्घकालीन असर पार्दछ । आप्रवासी श्रमिकहरु आफ्ना बालबच्चाको राम्रो जीवन यापनको अवसर जुटाउन तथा उनीहरु भविष्यमा आफ्ना परिवारका साथ नेपालमै बस्ने वातावरण बनोस् भन्नका लागि पर्याप्त पैसा कमाउने उद्देश्यले विदेशमा काममा जाने गर्दछन् । तर मर्करी मिनाका श्रमिकहरुले भोगेको जस्ता ज्यादतीले अत्यन्तै आधारभूत ती मानवीय चाहनाहरु भताभुङ्ग पारिदिन्छ ।

रुपक नामका एकजना श्रमिकले बताउनुभयो:

"मेरो जीवनमा म कहिल्यै विद्यालय जान पाइन । त्यसैले गर्दा हो मैले न्यूनदक्ष श्रमिकको रुपमा कार्य गर्नु परेको । मेरो बालबच्चाले मेरो जस्तै जीवन जीउन नपरोस् भन्ने म चाहन्छु । उनीहरुप्रतिको मेरो सपना साकार पार्न मात्रैका लागि हो मैले विदेशमा काम गरेको । मर्करी मिनामा मैले गरेको काम मेरो समयको बर्बादी मात्र हुन गयो । यो समय या त मैले मेरो परिवारसँग बिताउन सक्दथे या अन्यत्र केही कमाई गर्न सक्दथे ।"

मर्करी मिनाका अर्का श्रमिकले हामीसँग "आप्रवासी श्रमिकको रुपमा आफूले गरेको त्याग पूरा गर्न" आफूलाई २० वर्ष लागेको बताए । पछिल्लो पटक विदेश जाँदाको बखतसम्ममा जम्मा भएको ऋण चुक्ता गर्नका लागि उनी विदेशको अन्तिम गन्तव्यको रुपमा कतारको सट्टा अन्य कुनै गन्तव्यको सम्भाव्यता हेरिरहेका छन् ।

### (ख) रोजगारीका लागि भर्ना गरिँदा आप्रवासीहरु कसरी शोषित भएका थिए ?

"म कम भर्ना शुल्क तिरेर काम पाउन चाहन्थे किनकी सरकारले 'निःशुल्क भिसा, निःशुल्क टिकट' को नीति ल्याउँदैथियो भन्ने मैले जानकारी पाएको थिएँ । तर मलाई भर्ना गर्ने एजेन्सीले त्यो कुरा अस्वीकार गर्‍यो र यदि मैले उसले भने बमोजिमको पैसा तिरिन भने त्यस स्थानमा मेरो सट्टा अर्को व्यक्तिलाई पठाउँछौं भन्यो । अन्त्यमा मैले १,२०,००० रुपैयाँ (१,१०२ अमेरिकी डलर) तिरेँ ।"

- यादव (नाम परिवर्तन), रुपन्देही जिल्ला, नेपालका आप्रवासी श्रमिक

हामीले कुराकानी गरेका सबै ३४ जना नेपाली श्रमिकहरुले कतारमा काम पाउनका लागि कानुनले तोकेको सीमा भन्दा अधिक भर्ना शुल्क तिरेका थिए । उनीहरुले आफू विदेश जाँदाको बखत सरदर ७०,००० रुपैंया (६४२ अमेरिकी डलर) तिरेका थिए । काममा जानका लागि ८६७ देखि १,१५६ अमेरिकी डरलसम्म भुक्तानी गरेको उनीहरुले बताए । कम्तिमा पनि आठजना श्रमिकहरुले ३६% को उच्च ब्याजदरमा ऋण काढेका थिए । उनीहरुलाई भर्ना गर्ने एजेन्सीले माग गरे बमोजिमको उच्चदरको भर्ना शुल्क तिर्न आफूसँग पैसा नहुनेले त्यस अनुपातको ब्याजमा ऋण लिनु आप्रवासी श्रमिकहरुका लागि सामान्य हो । यो मात्राको गैरकानुनी शुल्क असुली नेपाली कानुनको उल्लंघन मात्रै नभई कतारका रोजगारदाताले यात्रा खर्च बापतको लागत तिर्नु पर्ने भनी नेपाल र कतारबीच गरिएको श्रम सम्झौता का प्रावधानहरुसमेत उल्लंघन पनि हो ।

पछिल्ला दुई वर्षमा हामीले दस्तावेजीकरण गरेका सयौं घटनाहरु बाट श्रमिकहरुसँग अत्यधिक र गैरकानुनी शुल्क असुली गर्ने व्यवसायीहरुको क्रियाकलाप श्रमिकहरुले नेपाल छाड्नु अघि नै उनीहरुलाई बधुवा मजदुरका रुपमा परिणत गराउने प्रमुख कारकको रुपमा रहेको निचोड निकाल्न सक्दछौं । ऋण बन्धक जबरजस्ती श्रमको एक विशेष स्वरुप हो जसमा ऋणका कारणले उनीहरुलाई बाध्यकारी अवस्थाको सिर्जना गराउँदछ । यो परिस्थिति त्यतिबेला उत्पन्न हुन्छ जतिबेला श्रमिकहरु रोजगारीसँग सम्बन्धित शुल्कहरु आफैं तिर्न सक्दैनन् र स्थानीय साहुहरुसँग ऋण लिन बाध्य हुन्छन् । त्यसरी ऋण दिनेहरुले अत्यधिक चर्को ब्याजदर असुल्ने गर्दछन् । श्रमिकले काममा भर्ना हुँदाका

बखत लिएको ठूलो परिमाणको ऋण तिर्नका लागि आवश्यक रकम कमाउन उनीहरुले विदेशमा प्राय गरेर श्रम शोषण भोग्न वाध्य हुनु पर्दछ । त्यसका अलावा त्यस परिमाणको ऋण तिर्नमा उनीहरुको सबै कमाई खर्चिनु पर्ने हुन सक्छ, जसले गर्दा यस्तो अवस्थासम्म आउन सक्दछ कि उनीहरुसँग घर आउनका लागि टिकट काट्न वा परिवारलाई पठाउ समेत पैसा नै नरहने हुन सक्दछ ।

व्यवसायीले गर्ने गलत अभ्यासहरुको विरुद्धमा मुद्दा दायर गर्ने नेपाली श्रमिकको अधिकारलाई कमजोर तुल्याउन नेपालका वैदेशिक रोजगार कम्पनीले निरन्तर रुपमा विविध उपायहरु अपनाउँदै आएका छन् । उदाहरणका लागि, हामीले अन्तर्वार्ता गरेका कुनै पनि श्रमिकलाई सम्बन्धित वैदेशिक रोजगार एजेन्सीले यथार्थमा श्रमिकले तिरेको रकम उल्लेख गरिएका कागजात दिएको थिएन । यदि त्यस्तो कागजात उनीहरुसँग हुन्थ्यो भने आफूसँग गैरकानुनी रकम असुली भएको कुरा उनीहरुले त्यस कागजातका आधारमा पुष्टि गर्न सक्दथे । एकजना श्रमिकलाई केवल २०,००० रुपैयाँ (१९२ अमेरिकी डलर) को रसिद दिइयो, जबकी उनले १,००,००० रुपैँया (९६३ अमेरिकी डलर) तिरेका थिए । अर्को एकजना श्रमिकले आफूले तिर्नु पर्ने भनिएको भर्ना शुल्क बैंक ट्रान्सफर मार्फत भुक्तानी गरी आफूसँग प्रमाण सुरक्षित गर्ने प्रयास गरे जुन सफल हुन सकेन । उनले आफ्नो त्यो प्रयास कसरी अर्थहीन हुन पुग्यो भनी बताए :

“मैले यो शुल्क बैंक ट्रान्सफर गरी भुक्तानी गर्ने प्रयास गरेँ, तर मलाई भर्ना गर्ने एजेन्सीले त्यसलाई अस्वीकार गर्‍यो । उनीहरुले मेरो गाउँको एजेन्टलाई पैसा दिन भने, जबकी ऊ काठमाडौँमै बस्ने गर्दथे । खासगरी कम्पनीहरु ग्रामीण एजेन्टहरु मार्फत् रकम प्राप्त गर्न चाहन्छन् ।”

हामीले अन्तर्वार्ता गरेका मर्करी मिनाका अन्य श्रमिकहरुले पनि आफूले त्यसैगरेर स्थानीय सहायक-एजेन्टलाई होटलमा वा गाउँमै गैरकानुनी शुल्क तिरेको बताए । काठमाडौँमा रहेका वैदेशिक रोजगार कम्पनीका कार्यालयहरु भन्दा टाढा रहेका, भौगोलिक विकटता र कागजी प्रमाणको अभाव रहने गरेको कारण शुल्क असुली र कानुनी दायित्वका सम्बन्धमा श्रमिक भर्ना गर्ने एजेन्सीहरुबाट हुने नेपाली कानुन उल्लङ्घनका घटनालाई पुष्टि गर्न कठिन हुने गरेको छ ।

नियम कानुनलाई सुनियोजित तवरले छल्ने गरिनुले रोजगारीको अधिकारलाई समेत कमजोर तुल्याएको छ । कुनै श्रमिकको करारपत्रमा उल्लेख भए अनुसारको रोजगारीका सेवा शर्त पालना नगरिएमा कानुन अनुसार त्यस्ता श्रमिकलाई नेपालको सम्बन्धित वैदेशिक रोजगार कम्पनीले अनिवार्य रुपमा स्वदेश फिकाउनु पर्दछ । तर मर्करी मिना कम्पनीका लागि श्रमिक भर्ना गर्ने एजेन्सीले त्यसरी आफूले पठाएका श्रमिकलाई त्यस्तो कानुनी दायित्व पूरा गरेनन् । उदाहरणका लागि हामीले विस्तृत रुपमा अन्तर्वार्ता गरेका आठजना मर्करी मिनाका श्रमिकहरुमध्ये चार जनाले कम्पनीबाट महिनौँदेखिको तलव नपाएपछि आफूलाई भर्ना गर्ने सहायक-एजेन्ट र वैदेशिक रोजगार एजेन्सीसँग निरन्तर सम्पर्क गरी मद्दत गर्न अनुरोध गरेको बताए । तर ती व्यक्तिगत एजेन्ट र वैदेशिक रोजगार कम्पनी दुवैले आफूहरुलाई मर्करी मिनामै गएर उजुरी वा कुराकानी गर्न निर्देशन दिएको बताए । यद्यपि एजेन्ट र एजेन्सीले उनीहरुलाई नेपालको कानुन बमोजिमको व्यवहार गर्नुपर्ने दायित्व थियो । त्यस्तैमा बाँकी तलव नपाइकनै उनीहरुको करारको अवधि सकिए पछि श्रमिकहरुले फेरि एजेन्टलाई सम्पर्क गर्दा ती एजेन्टहरुले अब उनीहरुलाई स्वदेश फिर्ता फिकाउनु पर्ने आफ्नो कानुनी दायित्व समाप्त भएको बताए । करार अवधि सकिएको कारण अब श्रमिकहरुसँग उनीहरुको कुनै कानुनी सम्बन्ध नरहेको एजेन्टहरुको भनाई थियो ।

धेरैजसो श्रमिकहरुले आफूलाई भर्ना गर्ने एजेन्सीले मतलवै नगरेको पाए जसले उनीहरुलाई त्यस्तो शोषणपूर्ण अवस्थामा पुर्‍याएका थिए । त्यस सन्दर्भमा एकजना श्रमिकले यस्तो बताए :

“हामीलाई भर्ना गर्ने एजेन्सीले हामीबाट ठूलो रकम लियो । यदि उनीहरु आफैँले हामीलाई नेपाल फिकाउने व्यवस्था गर्न नचाहेका भए पनि उनीहरुले रोजगारदाता कम्पनीमा हाम्रो तर्फबाट कुराकानी गर्न र हाम्रो बाँकी तलव भुक्तानी दिएर घर पठाइदिन अनुरोध त गर्न सक्दथे नि । उनीहरुले त्यति पनि गरेनन् । हामीलाई सुरुमा कामका लागि मर्करी मिनामा पठाए पश्चात्को कुनै पनि जिम्मेवारी उनीहरुले वहन गरेनन् ।”

वैदेशिक रोजगार एजेन्सीले नेपालको वैदेशिक रोजगार कानुन[१] का सम्बन्धमा गर्ने गरेको तर्क, जसको बारेमा अदालतको धारणा आउन बाँकी छ, अनुसार कानुनमा गम्भीर कमजोरी रहेको छ जसलाई ती एजेन्सीहरुले उपयोग (दुरुपयोग) गर्न सक्दछन् । यसको परिणाम स्वरुप आफूले पाउनु पर्ने रकम तथा घर फर्कने टिकट प्राप्त गर्न प्रयासरत श्रमिकहरु जो त्यसै कारणले गर्दा आफूलाई भर्ना गर्ने एजेन्सीसँग गरिएको करारको म्याद समाप्त भैसके पछि पनि आफू कार्यरत देशमै रहन वाध्य हुन्छन्, ती श्रमिकहरुले एजेन्सीहरुबाट आफूलाई प्राप्त हुनु पर्ने सहायता पाउन सक्दैनन् । कानुनले यस प्रकारको जटिलताको सम्बोधन गर्दैन । प्रभावकारी सरकारी निगरानी नहुने हो भने एजेन्सीहरु श्रमिकलाई सहयोगको लागि अन्यत्र जान सुझाव दिएर वा त्यस्तो सहायता उपलब्ध गराउनका लागि कानुनले तोकेको अवधि नबितुञ्जेलसम्म ढिलासुस्ती गरेर आफ्नो कानुनी दायित्वबाट सजिलै उम्कनेछन् । त्यसैले अलपत्र अवस्थाका आप्रवासी श्रमिकहरुलाई अझ प्रभावकारी सहायता उपलब्ध गराउनु पर्ने श्रमिकहरुप्रतिको एजेन्सीहरुको अविच्छिन्न दायित्वका बारेमा स्पष्ट व्यवस्था गरी सो कानुनलाई तत्काल संशोधन गर्न आवश्यक छ ।

नोभेम्बर २०१७ मा हामीले एउटा प्रारम्भिक वैदेशिक रोजगार एजेन्सीलाई भेट्यौं जसले मर्करी मिना कम्पनीका लागि श्रमिक भर्ना गर्ने जिम्मा पाएको थियो । हामीले अन्तर्वार्ता गरेको त्यस वैदेशिक रोजगार एजेन्सीले श्रमिकहरुले भने जसरी उनीहरुलाई काममा भर्ना गर्दा गैरकानुनी शुल्क लिने गरेको र अलपत्र परेको अवस्थामा सम्पर्क गर्ने श्रमिकहरुलाई सहयोग गर्न आनाकानी गर्ने गरेको भन्ने कुरा अस्वीकार गर्‍यो । त्यति हुँदाहुँदै पनि मर्करी मिनामा तलव भुक्तानीमा ढिलाई हुने गरेको र तलब भुक्तानी नगरिएको कुरा आफूलाई जानकारी भएको उनीहरुले स्वीकार गरे । कतार आइपुगेको केही महिनादेखि नै तलव ढिलाई वा तलव भुक्तानी नदिने जस्ता समस्यामा परेको भनी जानकारी गराउने मर्करी मिनाका २० जना नेपालीहरुलाई आफूले स्वदेश झिकाएको जानकारी पनि उनीहरुले हामीलाई गराए ।

कम्पनीले माथि उल्लेखित श्रमिकहरुलाई सहायता गरे पश्चात् उनीहरुले मर्करी मिनामा काम गर्न पठाएकामध्ये त्यतिबेलासम्म पनि सोही कम्पनीमा कार्यरत बाँकी ८९ जनासँग सम्पर्क प्रयास नगरिएको वा उनीहरुको अवस्था अनुगमन नगरिएको कुरा भने उनीहरुले स्वीकारे । कतारमा पनि उनीहरुको एकजना कर्मचारी रहेको र उसले ती श्रमिकहरुको अवस्था बुझ्न सक्दथ्यो र पनि त्यसो हुन नसकेको बताइएको हो । आफूलाई सोझै उजुरी वा जानकारी नगराउने श्रमिकहरुप्रति आफ्नो कुनै कानुनी दायित्व हुदैनथ्यो भन्ने उनीहरुले जिकीर गरे । त्यस्तै श्रम अधिकार उल्लंघनको ती नयाँ घटनाहरु सम्बन्धित श्रमिकको करारको म्याद समाप्त भएपछि मात्रै आफूले जानकारी पाएको पनि उनीहरुले दावी गरे । बाँकी रहेका श्रमिकहरुको अवस्थाप्रति आफ्नो कुनै दायित्व नभएको तर्क गर्दै उक्त वैदेशिक रोजगार एजेन्सीले भन्यो :

"यदि करार अवधिभन्दा बढी बस्ने हो भने त्यस्तो अवस्थामा आफ्नो रोजगारदातासँग करार नवीकरण गर्ने दायित्व सम्बन्धित श्रमिकको हो । श्रमिकहरु उपरको हाम्रो दायित्व करार अवधिको समाप्ति नहुञ्जेलसम्म मात्र रहने हो ।"

त्यस वैदेशिक रोजगार कम्पनीका एकजना प्रतिनिधिले श्रमिक भर्नाका लागि नियुक्त गरिएका आफ्ना स्थानीय सहायक-एजेन्टको क्रियाकलापको निगरानी वा अनुगमन नगरिएको स्वीकार गरे । स्थानीय सहायक-एजेन्टले श्रमिकहरुलाई अतिरिक्त शुल्क बढाउने अवस्था सिर्जना गराउन सक्दछन् । श्रमिक भर्नाको प्रारम्भिक चरणमा उनीहरुको अधिकार संरक्षण गर्ने जिम्मेवारी सम्बन्धित रोजगार एजेन्सीको हो भन्ने धारणा बेठीक हो भन्दै त्यस कम्पनीका अर्का प्रतिनिधिले भने :

"जिल्लामा के के हुन्छ भन्ने बारेमा हामीलाई जानकारी हुँदैन । हामी श्रमिकबाट केवल १०,००० रुपैयाँ (कानुनले तोकेको सीमा बमोजिमको रकम) लिन्छौं । बस्, त्यही हो ।"

सो एजेन्सीले मर्करी मिनाका लागि श्रमिक भर्ना गर्ने कुरामा सहमत हुन पहिला त्यस कम्पनीको व्यवसायिक अभ्यास एवं क्रियाकलापका बारेमा बुझ्ने काम आफूले नगरेको स्वीकार गरे । यो स्वीकारोक्ति यता विदेश पठाउने श्रमिकहरु

[१] वैदेशिक रोजगार ऐनको दफा ७५ (स्वदेश फिर्ता गराउने जिम्मेवारी सम्बन्धी व्यवस्था) अनुसार. "कामदारलाई स्वदेश फिर्ता गर्ने व्यवस्था : (१) करार बमोजिमको सुविधा नपाएको कारणबाट कामदार अलपत्र परी त्यस्तो कामदार स्वदेश फिर्ता हुनु पर्ने स्थिति आएमा सम्बन्धित इजाजतपत्रवालाले त्यस्तो कामदारलाई स्वदेश फिर्ता गराउनु पर्नेछ ।" यस नियममा कुनै समय सिमा तोकिएको छैन ।

ल्याउनका लागि स्थानीय एजेन्टले गर्ने क्रियाकलापको आफूले निगरानी गर्ने नगरेको, उता कतारमा बाँकी रहेका ८९ जना आप्रवासी श्रमिकहरुसँग सम्पर्क नगरेको वा उनीहरुको अवस्था कस्तो छ भनी बुझ्ने काम नगरिएको भन्ने स्वीकारोक्ति पछि गरिएको थियो । यसले के देखाउँदछ भने मर्करी मिनाका श्रमिकहरुप्रति नेपाली कानुन अनुसार एजेन्सीहरुको कुनै दायित्व रहे पनि नरहे पनि व्यवसाय र मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड (International Standards on Business and Human Rights) बमोजिम श्रमिकहरुको मानव अधिकारको सम्मान गर्नु पर्ने उनीहरुको वृहत्तर जिम्मेवारीको वेवास्ता उनीहरुबाट भैरहेको छ ।

सबै कम्पनीहरुले व्यवासय र मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्त लगायतका व्यवसाय र मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरुमा उल्लेख भए बमोजिमका मानव अधिकारको सम्मान गर्नु पर्ने जिम्मेवारी रहन्छ । व्यवसायीहरुले मानव अधिकारको सम्मानका लागि ज्यादतीको कारण बन्न सक्ने वा बल प्रदान गर्ने कुनै पनि काम रोक्न प्रभावकारी उपाय अवलम्बन गर्नु पर्दछ । त्यस्तै उनीहरुले आफ्नो संलग्नतामा भएको मानव अधिकार उपरको असरलाई क्षति अनुसारको उपयुक्त क्षतिपूर्ति प्रदान गर्ने समेतका उपाय अवलम्बन गरी सम्बोधन गर्नु पर्दछ । यस्ता उपायहरुमा व्यवसाय सञ्चालनका क्रममा के कस्ता मानव अधिकार ज्यादतीहरु हुन सक्दछन् भन्ने पहिचान गर्ने, तिनको रोकथाम कसरी गर्न सकिन्छ वा त्यसको समाधान (उपयुक्त हिसावले) कसरी गर्न सकिन्छ भन्ने मूल्याङ्कन गर्ने र त्यस्ता अध्ययनका आधारमा प्रभावकारी कदम चाल्नका लागि अग्रिम वा निरन्तर रुपमा नै दायित्व वहन सम्बन्धी संयन्त्रहरु (due diligence process) को व्यवस्था गरिनु पर्दछ ।

सर्वत्र छर्लङ्ग रहेको नेपालमा श्रमिक भर्नाको क्षेत्रमा अत्यधिक शुल्क लिने र कतारमा श्रम शोषण हुने जोखिमको विद्यमान अवस्थाबाट यो स्पष्ट हुन्छ कि श्रमिक भर्ना गर्ने एजेन्सीहरुले दायित्व वहन सम्बन्धी प्रक्रिया (due diligence process) को पालना गरेका छैनन् । देशभर नै श्रमिक भर्नाको काममा कार्यरत स्थानीय एजेन्टहरुको संलग्नता रहेका कामहरुमा समेत यस्तो प्रक्रियाको पालना भएको छैन । मर्करी मिनाका लागि आफूले भर्ना गरेका श्रमिकहरुलाई उसले तलब नदिएको कुरा आफूलाई थाहा छ भनी श्रमिक भर्ना गर्ने एजेन्सीबाट गरिएको स्वीकारोक्तिले पनि सो तथ्यको पुष्टि गर्दछ । त्यस एजेन्सीले स्थानीय एजेन्टले तोकिए भन्दा बढी शुल्क लिने अवस्था रहे नरहेको र विदेशमा मर्करी मिनाले तलव नदिएको सम्बन्धमा नियमित वा अग्रिम रुपमा नै निगरानी गर्ने र त्यस्ता समस्याको सम्बोधन गर्ने जस्ता दायित्व वहन गर्नु पर्दथ्यो । उदाहरणका लागि सहायक-एजेन्टहरुले तोकिए भन्दा बढी शुल्क नलिएको प्रमाणको कागजात एजेन्सीमा पेश गर्नु पर्ने र त्यो प्रमाणलाई सम्बन्धित श्रमिकसँग प्रमाणित गराउने व्यवस्था एजेन्सीले गर्न सक्दथ्यो । माथि उल्लेख गरिए बमोजिम प्रमुख कुनै पनि विषयमा श्रमिक भर्ना गर्ने एजेन्सीहरु सो एजेन्सीले स्वीकार गरे बमोजिम दायित्व वहन गर्न विफल हुनुले सो एजेन्सी मानव अधिकारको सम्मान गर्नु पर्ने उसको जिम्मेवारी पूरा गर्न असफल भएको कुरालाई पुष्टि गर्दछ ।

(ग) ज्यादतीमा परेका आप्रवासीहरुका सम्बन्धमा नेपाल सरकार कसरी विफल भयो ?

जसरी कतारको ज्यादतीपूर्ण स्पन्सर कानुनको कारणले मर्करी मिनालाई श्रम शोषण गर्न मौका दियो, त्यसरी नै आप्रवासी श्रमिकहरु उपरको आफ्नो कानुनी दायित्व पालनामा नेपाल सरकार विफल भएबाट नै मर्करी मिनाका लागि श्रमिक भर्ना गर्ने नेपाली एजेन्सीले गैरकानुनी उच्च शुल्क उठाउन सक्ने र ज्यादतीमा परेका श्रमिकहरुलाई सहायता एवं ती श्रमिकहरुको अधिकार सम्मान गर्नु पर्ने नेपाली कानुनको प्रावधान बमोजिमको दायित्व पूरा गर्नबाट उम्कने अवस्था सम्भव भएको हो ।

हाम्रा यसअघिका प्रतिवेदनहरु अनुसार नेपालले वैदेशिक रोजगार कानुन कार्यान्वयका लागि केवल न्यून मात्र प्रयत्न गरेको र कानुनी अस्पष्टता समाप्त पार्न तथा नियमनकारी संयन्त्रलाई कडाई गर्न नसकेको पाइएको छ । नेपालको वहुचर्चित “नि:शुल्क भिसा, नि:शुल्क टिकट” नीति का लागि ज्यादै न्यून स्रोत व्यवस्था गरियो र त्यस नीतिको कार्यान्वयन त्यत्तिकै कमजोर रह्यो । यो नीति सम्भवत: ऋणको बन्धनबाट उम्कने एउटा बलियो उपाय हुन सक्दथ्यो । कमजोर कानुन र अप्रभावकारी नियमन जस्ता दुवै कारणले गर्दा नेपाल र विदेशका व्यवसायीहरुलाई नेपालको ठूलो संख्याको आप्रवासी श्रमिकहरुलाई शोषण गर्न सहज बनायो ।

अप्रिल २०१७ देखि अप्रिल २०१८ का बीचमा गरिएको यस अनुसन्धानबाट आप्रवासीहरुलाई विदेशमा संरक्षण प्रदान गर्ने काममा नेपालको भूमिका उल्लेख्य रुपमा कमजोर रहेको हामीले पायौं । समस्यामा परेका आप्रवासी श्रमिकहरुलाई प्राथमिकताका आधारमा सहयोग गर्न सकिने छुट्टै आप्रवासी श्रमिक कल्याणकारी कोष, जसमा ३ करोड ८० लाख अमेरिकी डलर भन्दा बढी रकम मौज्दात पनि रहेको थियो, विद्यमान रहँदारहँदै पनि त्यस्तो अवस्था देखिएको हो ।

नेपाली नागरिहरु उपर मर्करी मिनाले गरेका ज्यादतीको बारेमा सन् २०१७ को अगस्ट र डिसेम्बरको बीचमा नेपाल सरकारलाई सम्बन्धित श्रमिकहरुले दुई पटक र एम्नेस्टी इन्टरनेसनलले दुई पटक गरी कम्तिमा पनि चार पटक जानकारी गराइएको थियो । श्रमिकहरु वाहिर निस्कन वा आवतजावत गर्न नपाएको र घर फर्कनका लागि आर्थिक समस्या रहेको, खान नपाएको, गिरफ्तार गरिने र देश निकाला गरिने जोखिममा रहेका, कम्पनी विरुद्ध कानुनी मुद्दा दायर गर्न आवश्यक पर्ने जानकारी र रकम अभाव समेत भएको कुराको जानकारी वा उजुरी नेपाल सरकारलाई प्राप्त भएको थियो । त्यसका वावजुद र आप्रवासी श्रमिक कल्याणकारी कोषमा ३ करोड ८० लाख अमेरिकी डलर भन्दा बढी रकम मौज्दात रहेता पनि नेपालमा रहेको सम्बन्धित निकाय वैदेशिक रोजगार विभाग वा कतारमा रहेको नेपाली राजदुतावासले ती श्रमिकहरुलाई स्वदेश झिकाउन आवश्यक काम गरेन्, न त तिनले श्रमिकहरुलाई कुनै कानुनी वा आर्थिक सहायता नै गरे ।

हामीले पहिलो पटक नोभेम्बर २०१७ मा अन्तर्वार्ता गरेका मर्करी मिनाका आठजना श्रमिकहरुले सबैभन्दा पहिला सन् २०१७ को अगस्टमा दोहास्थित दुतावासका कर्मचारीहरुसँग भेटेको बताए । त्यसबेलासम्म ती श्रमिकहरुलाई तलव नदिइएको कम्तिमा पाँच महिना भैसकेको थियो । दुतावाससँग भेटेको तीन महिना पछिसम्म पनि ती श्रमिकहरु खाना वा घर फर्कनका लागि हवाई टिकटको व्यवस्था वेगर कतारमै अलपत्र परेका थिए । त्यस भेटघाटमा कम्पनीले कतारको आफ्नो आवासीय अनुमतिपत्र (रेजिडेन्सी परमिट) नवीकरण नगरिदिएको जसले गर्दा उनीहरु जुनसुकै बेला पनि पक्राउ पर्न र देश निकालामा पर्न सक्ने जोखिममा रहेको कुराको चिन्ता दुतावासलाई जाहेर गराएका थिए ।

नेपाली दुतावासका अधिकारीहरुले श्रमिकहरुको आकस्मिकताको अवस्थालाई सम्बोधन गर्दै बाँकी तलव दिलाउने वा कानुनी उजुरी दायर गर्ने काममा वास्तै नगरेको ती श्रमिकहरुले बताए । आफूलाई सहयोग गर्न श्रमिकहरुले गरेको अनुरोधका बाबजुद कम्पनीको विरुद्धमा कानुनी उजुरी दायर गर्ने वा श्रमिकहरुको तर्फबाट कतार सरकारलाई पुनरावेदन गर्ने जस्ता काम गरी उनीहरुको तलव भुक्तानी दिलाइदिन दुतावासले सहयोग गर्ने चासो नै देखाएन । आफ्नो वर्क भिसा नवीकरण नगरिएको कारणले हरेक पटक दुतावास जाँदा उनीहरु गिरफ्तारीमा पर्ने खतरा रहेको भएपनि दुतावासका कर्मचारीहरुले उनीहरुको आवासमा आएर अवस्थाहरु बुझ्ने काम समेत नगरिदिएको पनि ती श्रमिकहरुले हामीलाई बताए । आफूले भुक्तानी पाउन बाँकी रकम दिलाउने काममा सक्रिय भूमिका निर्वाह गर्नुको सट्टा आफ्नो भाग्य यस्तै रहेछ भन्ठान्न र तलव नपाएपनि घर फर्कन दुतावासका अधिकारीहरुले सुझाव दिएको ती श्रमिकहरुले बताए । यसरी सहयोग नपाएकोमा दिक्दार हुँदै एकजना श्रमिकले भने :

"हामीले दुतावासलाई केवल हवाई टिकट मात्रै होइन, हाम्रो बाँकी तलव पनि चाहिन्छ भन्यौं । सो रकम बिना यतिसम्मकी हामी काठमाडौं एअरपोर्टबाट घरसम्म पुग्ने अवस्था पनि नरहेको समेत भन्यौं । त्यति हुँदाहुँदै पनि दुतावासले यदि कम्पनीले हामीलाई टिकट दिन्छ भने त्यो लिनु पर्छ भन्यो । उनीहरुको लागि त हामी सबैजना घर गइदिएनै ठीक हुन्थ्यो । हामीले त्यसलाई स्वीकार गरेनौं र कम्पनीबाट आफ्नो तलव प्राप्त गर्न निरन्तर प्रयास गरिनै रह्यौं ।"

त्यसको दुई महिना पछि आफूहरुले पाउन बाँकी तलव दिलाईदिन सहयोग गर्न र उनीहरुलाई घर फर्काउन नेपालबाट आवश्यक व्यवस्था मिलाउन दुतावासलाई श्रमिकहरुले गरेको अनुरोधलाई दुतावासले फेरिपनि अस्वीकार गर्‍यो ।

जब एम्नेस्टी इन्टरनेसनलले पनि ती श्रमिकहरुको समस्या सरकारसँग उठान गर्‍यो, हाम्रो पनि अनुभव त्यस्तै नै रह्यो । सन् २०१७ को नोभेम्बरमा नेपालको वैदेशिक रोजगार विभागसँग हामीले भेटघाट गर्दा विभागका तत्कालिन महानिर्देशक विश्वराज पाण्डेले यदि दोहास्थित नेपाली दुतावासले मर्करी मिनाका श्रमिकहरुका निम्ति सहायता गर्न रकम माग गर्दछ भने त्यसका लागि आर्थिक सहायता उपलब्ध गराउने बताउनु भएको थियो । तर हाम्रो जानकारी अनुसार दोहास्थित दुतावासले त्यसका लागि रकम माग नै गरेन भने ज्यादतीमा परेका श्रमिकहरुलाई कतारबाट झिकाउनका लागि नेपाल सरकारले पनि कुनै रकम निकासा गरेन । जब हामीले यो समस्याका बारेमा दोहामा सन् २०१७ को डिसेम्बरमा उठान गर्‍यौं, त्यहाँस्थित नेपाली दुतावासका अधिकारीहरुले तलव भुक्तानी नदिइने अवस्थालाई

"सामान्य घटना" भन्दै सरकारबाट आर्थिक सहयोग प्रदान गर्न प्राथमिकतामा नपरेको भनी त्यस घटनाप्रतिको वेवास्तालाई पुष्टि गरे ।

नेपाल सरकारको उदासिनताले पनि ऋणको भारमा परेका कयौं श्रमिकहरु घर जानको लागि आवश्यक पैसा सापटी खोज्न नसकुञ्जेल कतारमा बिना पैसा र बन्धकतुल्य अवस्थमा पुग्दछन् । धेरै घटनामा त उनीहरुले खान समेत पाउँदैनन् । खानाको अभाव नै उनीहरुको समस्याको सबैभन्दा बढी चिन्ताको विषय भएको अनुभव सुनाउँदै ती श्रमिकहरुले भने :

"हामीले दुतावासबाट सहयोग पाएनौं । न त खाना पायौं न त पैसा नै थियो । जे जति सम्भव हुन्छ त्यति नै बाँड्ने गर्दथ्यौं । रातको समयमा त हामीले करिव एक एक डाडु बाँड्दथ्यौं जसमा हरेक व्यक्तिले आफ्नो खानामा नुन वा मसला छरेर खान्थ्यौं । यसरी हामीसँग जे थियो, त्यसबाट अडिएका थियौं ।

त्यसका अलावा यस घटनामा संलग्न वैदेशिक रोजगार एजेन्सीहरुका कामकारवाहीहरुको अनुसन्धान गर्ने भनी सरकारले गरेको प्रतिवद्धता पनि अपर्याप्त रह्यो । वैदेशिक रोजगार विभागका महानिर्देशकले यस घटनाका सम्बन्धमा हेर्ने बताए पनि उनको अनुसन्धान सम्बन्धित रोजगार एजेन्सीसँग एउटा भेटघाट गरेर टुङ्गिएको र सम्बन्धित श्रमिकहरुसँग भने कुराकानी नगरिएको भनी केही समय पछि उनले हामीलाई बताए । आफ्नो करार अवधि समाप्त हुनु अघि नै सहयोगको लागि आफूलाई भर्ना गर्ने वैदेशिक रोजगार एजेन्सीमा सम्पर्क गरेका श्रमिकहरुको समस्यातर्फ ध्यानै नदिई विभागका तत्कालिन महानिर्देशकले त्यसमितिमा श्रमिकहरुको करारको म्याद समाप्त भैसकेकोले समस्यामा परेका श्रमिकहरुलाई कतारबाट फिर्ता ल्याउन आफ्नो जिम्मेवारी नहुने भनी ती एजेन्सीहरुले गरेको दाबीलाई नै समर्थन गरे । यस सम्बन्धमा निर्णय गर्दै विभागका महानिर्देशकले श्रमिक भर्ना गर्ने नेपाली एजेन्सीहरुलाई समस्यामा परेका श्रमिकहरुलाई फिर्ता झिकाउनु पर्ने तिनको जिम्मेवारीबाट उन्मुक्ति दिलाए । आफ्ना नागरिकहरु ज्यादतीमा परी घर फर्कनका लागि सहायता आवश्यक परेका वखत आवश्यक उपाय गर्नु पर्ने र त्यस्ता नागरिकलाई सहायता उपलब्ध गराउनु पर्ने राज्यको दायित्वप्रति सम्मान गर्नमा पनि उनी विफल भए ।

त्यस पटक वैदेशिक रोजगार विभागसँग भएको हाम्रो अन्तरक्रियाले श्रमिक भर्नासँग सम्बन्धित ज्यादतीलाई चै सामान्यीकरण गर्ने तर ज्यादतीपूर्ण व्यवसायिक अभ्यासका कारण उत्पन्न जटिल परिस्थितिका लागि भने श्रमिकहरुलाई नै दोष लगाउने प्रवृत्ति नेपालमा रहेको देखियो । उदाहरणका लागि वैदेशिक रोजगार विभागका पूर्व निर्देशकले अनुसन्धानकर्ताहरुलाई मर्करी मिनाका श्रमिकहरु "अलेखवद्ध" (अनडकुमेन्टेड) भैसकेका कारण उनीलाई सहायता गर्न अप्ठ्यारो थियो भनी बताए । यो भनाईले ती श्रमिकहरुमाथि उनीहरुलाई भर्ना गर्ने एजेन्सी र मर्करी मिनाले गरेका गैरकानुनी क्रियाकलाप र शोषणजन्य अभ्यास तर्फ कुनै चासो नै दिइएको पाइएन । एजेन्सी तथा मर्करी मिनाको गैरकानुनी क्रियाकलाप र शोषणजन्य अभ्यासका कारणले नै ठूलो मात्रामा ऋणको भारमा रहेका ती श्रमिकहरु कानुनी हैसियत वेगरको अवस्थामा वा त्यो अवस्था समाधानका लागि आर्थिक उपाय वेगर नै कतारमा अलपत्रको स्थितिमा पुगेका थिए ।

वैदेशिक रोजगार विभागका पूर्व महानिर्देशकले आप्रवासी श्रमिकहरुलाई वहाँको विभागमा मागदावी दर्ता गर्न सुझाव दिन हामीलाई पनि निरुत्साहित गर्नुभएको थियो । श्रमिकहरुका एउटा पनि कागजी प्रमाणहरु हेर्दै नहेरिकनै वैदेशिक रोजगार एजेन्सीका विरुद्धमा वैदेशिक रोगार ऐनको दफा ५३ र ५५ बमोजिम को कुनै पनि कानुनी हैसियत ठहर्ने मुद्दा नै मर्करी मिनाका श्रमिकहरुसँग नभएको दावी गर्दै हामीलाई त्यसरी निरुत्साहन गर्नुभएको हो । कानुनका ती दफाहरुले भर्ना शुल्कमा लिइएको तोकिए सीमा भन्दा बढी रकम (दफा ५३) र आफूले पाएको र वैदेशिक रोजगार एजेन्सीसँग भएको सम्झौतामा उल्लेख गरिएको तलवबीचको अन्तर परेको रकम (दफा ५५) सम्बन्धित वैदेशिक रोजगार एजेन्सीबाट क्षतिपूर्ति दावी गर्न श्रमिकहरुलाई अधिकार दिएको छ । उजुरीहरुमा त्यसरी गरिने पूर्वानुमानहरुले वैदेशिक रोजगार विभागको क्षतिपूर्ति दावी गर्ने विद्यमान संयन्त्रको स्वतन्त्रता र निष्पक्षताका सम्बन्धमा एम्नेस्टी इन्टरनेसनलका यसअघिका अनुसन्धान हरुमा व्यक्त गरिए बमोजिमका गम्भीर चिन्ताहरुलाई पुनः पुष्टि गर्दछ ।

नेपाली आप्रवासीहरुलाई भविष्यमा मर्करी मिनाबाट शोषित हुनबाट रोक्न आजका मितिसम्म पनि नेपाल सरकारले कुनै प्रयास गरेको छैन । कतारले त्यस कम्पनीलाई आफ्नो कालोसूचीमा समावेश गरे पनि नेपालले भने त्यसलाई वैदेशिक रोजगारताहरुको सरकारी कालोसूचीमा राखेको छैन । यसको अर्थ त्यस कम्पनीले अन्य देशमा काम गर्नका लागि अझै पनि नेपालबाट वैधानिक हिसावले श्रमिक भर्ना गर्न सक्दछ ।

मे २०१८ मा एम्नेस्टी इन्टरनेसनलले वैदेशिक रोजगार विभागद्वारा तयार गरिएको विदेशी कम्पनीहरुको

कालोसूची हेरेको थियो जसमा मर्करी मिनाको नाम नाम थिएन । यसको अर्थ के हो भने मर्करी मिनाले अझै पनि नेपालबाट कानुनी रुपमे श्रमिक भर्ना गर्न सक्दछ । त्यस कम्पनीलाई अहिलेसम्म पनि उक्त सूचीमा राखे वा नराखेको सम्बन्धमा जानकारी दिन एम्नेस्टी इन्टरनेसनलले गरेको अनुरोधको नेपाल सरकारले जवाफ दिएको छैन ।

(घ) नेपालले कहाँ कमजोरी गर्‍यो र त्यसलाई कसरी सुधार्न सकिन्छ

जब पदमले नेपाल छाड्नुभयो, विदेशमा हुनसक्ने श्रम शोषणबाट आफूलाई बचाउनका लागि आवश्यक सबै तयारी आफ्नै सुझबुझबाट गरिएको वहाँले विश्वास लिनुभएको थियो । तर आज वहाँ त्यो प्रक्रियाको थालनी गर्दाको बेला भन्दा खराव अवस्थामा पुग्नुभएको छ । वहाँ र वहाँको श्रीमती दुवैजनामा स्वास्थ्यको समस्या छ । वहाँले पाउनु पर्ने तलव भुक्तानी नपाएसम्म स्वास्थ्य उपचार गर्न सक्ने अवस्थामा वहाँहरु हुनुहुन्न । अहिले वहाँ जुन आर्थिक अवस्थामा पुग्नुभएको छ, त्यसका कारणले गर्दा आफ्नो एकमात्र मूल्यवान सम्पत्तिको रुपमा रहेको घर नै बेच्ने अवस्थामा पुग्नुभएको छ ।

दयनीय अवस्थामा पुगेका पदम र मर्करी मिनाका अन्य श्रमिकहरुले अझैसम्म पनि आफ्नो घटनाबाट हार मानेका छैनन् । विचारणीय व्यवधानको अवस्था आए पनि उनीहरुले क्षतिपूर्ति माग गर्ने कुरालाई निरन्तरता दिएका छन् । वैदेशिक रोजगार विभागको क्षतिपूर्ति दावी गर्ने प्रक्रियाका बारेमा केही श्रमिकहरु जानकार छैनन् भने अन्य श्रमिहरुले कानुनले तोके भन्दा बढी आफूसँग असूल गरिएको भर्ना शुल्क वा आफूले भुक्तानी नपाएको तलवको क्षतिपूर्तिका लागि वैदेशिक रोजगार कम्पनी विरुद्ध उजुरी गर्न काठमाडौं आउनजान लाग्ने ठूलो खर्च व्यहोर्न सकेनन् । त्यस्तै उनीहरुले नेपालबाटै मर्करी मिनाका विरुद्ध कतारमा उजुरी दर्ता गराउन पनि सक्दैनन् ।

नेपाल र कतार ले अनुमोदन गरेका अन्तर्राष्ट्रिय श्रम संगठनको जबरजस्ती श्रम सम्बन्धी महासन्धि लगायतका विभिन्न अन्तर्राष्ट्रिय सन्धि बमोजिम आप्रवासी श्रमिकहरुलाई ज्यादतीबाट संरक्षण गर्नु ती दुवै देशको दायित्व रहन्छ । हामी नेपाल र कतारका सरकारहरुलाई मर्करी मिनाका श्रमिकहरुलाई सहयोग गर्न आह्वान गरिरहेका छौं, ताकि उनीहरुले न्याय र क्षतिपूर्ति प्राप्त गर्न सकुन् । त्यस्तै भविष्यमा हुन सक्ने यस्तै ज्यादतीहरु रोकथाम गर्नका लागि आवश्यक उपाय अवलम्बन गर्न पनि हामीले ती दुवै सरकारलाई आग्रह गरेका छौं ।

२०७४ फागुन (सन् २०१८ फेब्रुवरी) मा नेपालमा नयाँ सरकार गठन भएको छ । वर्तमान श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण विष्टले भर्ना शुल्कमा हस्तक्षेप, कानुन कार्यान्वयमा सुधार र श्रमिक भर्ना प्रक्रियामा दुतावासहरुको भूमिका सुदृढ पार्ने घोषणा गरेका छन् । ती उपायहरु यथार्थमा कार्यान्वयन हुन्छ वा हुँदैन त हेर्न बाँकी नै छ, तर पनि विद्यमान अवस्थामा परिवर्तन ल्याउने अवसर भने देखा परेको छ ।

ती समस्याको सम्बोधन गर्न सरकारले श्रमिक भर्ना प्रक्रियाको नियमन गर्ने कार्यका लागि व्यवस्था गर्ने गरेको मानव तथा आर्थिक स्रोतमा पनि वृद्धि गर्नु पर्दछ । त्यसका अलावा थप प्रभावकारी अनुगमन गर्ने तथा श्रमिक भर्ना गर्ने व्यवसायी र स्थानीय एजेन्टहरुबाट हुने गैरकानुनी कामको अनुसन्धान तथा नियन्त्रण गर्नु पर्दछ । सरकारले कानुनी सुधारका कामलाई प्राथमिकतामा राख्नु पर्दछ र श्रमिक भर्ना सम्बन्धी कानुनहरुलाई अन्तर्राष्ट्रिय कानुन एवं मापदण्ड बमोजिको बनाउनु पर्दछ । त्यस्तै ज्यादतीजन्य अवस्था सिर्जना गर्ने र त्यसलाई निरन्तरता दिने कामको कारकको रुपमा रहेको श्रमिक भर्ना व्यवसायमा विद्यमान कमजोर कानुनी दायित्वको अवस्थालाई पनि सम्बोधन गर्नु पर्दछ ।

पदम जस्तै ज्यादतीमा परेका आफ्ना नागरिकलाई सहयोग गर्ने कामलाई नेपाली निकायहरुले प्राथमिकता दिनु पर्दछ र त्यस काममा व्यापक सुधार गरिनु पर्दछ । नेपालमा मागदावीको प्रक्रियालाई सरल र पहुँचयोग्य बनाउनु पर्दछ, दुतावासहरुमा कानुनी सहायता प्रदान गर्न सक्ने कर्मचारी व्यवस्था गरिनु पर्दछ र विदेशमा ज्यादतीमा परेका आप्रवासीहरुलाई आवश्यक अन्य सहयोग उपलब्ध गराइनु पर्दछ । त्यस सन्दर्भमा समस्यामा परेका धेरै भन्दा धेरै आप्रवासीहरुलाई सहयोग पुर्‍याउन नेपालको आप्रवासी श्रमिक कल्याकारी कोषको प्रभावकारी प्रयोग गर्नु पर्दछ । कोषको उपयुक्त, पारदर्शी र प्रभावकारी उपयोगको लागि स्पष्ट निर्देशिकाको पनि आवश्यकता रहेको छ । यदि ती उपायहरु अपनाइन्छ भने आप्रवासनको प्रक्रियामा ठूलो रकम गुमाउन पुगेका श्रमिकहरु ज्यादतीको घातक चक्रमा बन्धक बन्नु पर्ने छैन भन्ने कुराको लामो समयसम्म पनि सुनिश्चित गर्न सकिन्छ ।

*अनुसन्धान विधि:*

एम्नेस्टी इन्टरनेसनलले कतारको मर्करी मिनामा काम गर्ने ३४ जना नेपाली आप्रवासीहरुको घटनाक्रमलाई विस्तृत रुपमा विश्लेषण गरेको छ । तीमध्ये आठ जना आप्रवासी श्रमिकहरुसँग नोभेम्बर २०१७ मा काठमाडौँ र सिराहा जिल्लामा अन्तर्वार्ता गरियो । अप्रिल २०१८ मा एम्नेस्टी इन्टनेसनलले अन्य छब्बीस जनासँग टेलिफोनबाट अन्तर्वार्ता गर्‍यो । अनुसन्धानकर्ताहरुले वैदेशिक रोजगार विभागका पूर्व महानिर्देशकसँग २०७४ कात्तिक २७ (१३ नोभेम्बर २०१७) मा र कतारस्थित नेपाली दुतावासका श्रम कन्सुलर र प्रथम सचिवसँग २०७४ मंसिर १४ (३० नोभेम्बर २०१७) मा भेटघाट गरे । एम्नेस्टी इन्टरनेसनलले अगस्ट २०१८ मा यस अनुसन्धानको पूर्ण मस्यौदा प्रतिवेदन नेपाल सरकारलाई पनि पठाई प्रतिक्रियाका उपलब्ध गराइदिन अनुरोध गरेको थियो । तर आजसम्म पनि तयसको कुनै जवाफ प्राप्त भएको छैन । त्यसका अलावा अनुसन्धानकर्ताहरुले मर्करी मिनाका लागि श्रमिक भर्ना गर्ने नेपालको प्रारम्भिकस्तरको वैदेशिक रोजगार एजेन्सीमध्येको एउटा एजेन्सीसँग २०७४ मंसिर ४ गते (२० नोभेम्बर २०१७) भेटेका थिए ।

एम्नेस्टी इन्टरनेसनलले मर्करी मिनाका श्रमिकहरुको अवस्थाका बारेमा त्यस कम्पनीका प्रमुख कार्यकारी अधिकृतसँग इमेलबाट २०७४ कात्तिक २४ (१० नोभेम्बर २०१७) मा, फोनबाट २०७४ कात्तिक २७ (१३ नोभेम्बर २०१७) मा र पुनः अर्को इमेलबाट २०७४ मंसिर ४ (२० नोभेम्बर २०१७) मा उठान गर्‍यो । यद्यपि ती कुनै पनि इमेलको हामीले जवाफ भने पाएनौँ । हामीले २०७४ माघ १६ (३० जनवरी २०१८) मा पुनः थप जानकारीहरु माग गरी फलोअप गर्‍यौँ तर आजसम्म पनि कुनै प्रतिक्रिया प्राप्त भएको छैन ।  हामीले मर्करी मिनाका अर्का एकजना प्रवन्धकसँग अप्रिल २०१७ मा र कतारस्थित मर्करी मिनाका स्पन्सरसँग २०७४ असोज २४ (१० अक्टोवर २०१७) मा टेलिफोनमा कुराकानी गरेका थियौँ । प्रमुख कार्यकारी अधिकृत र स्पन्सर दुवैले तलव भुक्तानीमा निरन्तरको समस्या आइपरेकोले कम्पनी आफैँले पनि आर्थिक दवावको समस्या भोलिरहेको कुरा स्वीकार गरेका थिए । प्रमुख कार्यकारी अधिकृतले आवासीय अनुमति परिचयपत्र (रेजिडेन्सी परमिट कार्ड) को लागि रकम तिराउने नीति कम्पनीको रहेको भन्ने कुरा अस्वीकार गर्नुभयो । हामीले जुलाई २०१८ मा मिना मर्करीलाई पनि हाम्रो अनुसन्धानबाट देखिएका अवस्थाहरुको पूर्ण मस्यौदा प्रतिवेदन उनीहरुको प्रतिक्रियाको प्रयोजनको लागि पठायौँ । तर हामीले त्यसको पनि कुनै जवाफ पाएनौँ ।